विधेयक संख्या :

# तथ्याङ्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**संघीय संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार**

# <u>उद्देश्य र कारण</u>

नेपालको संविधानको अनुसूची ५, ६, ७ र ८ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको कार्यसूचिभित्र तथ्याङ्क सम्बन्धी विषय समावेश गरिएको छ । उक्त संवैधानिक व्यवस्था बमोजिम तथ्याङ्कसँग सम्बन्धित प्रचलित संरचनालाई संघीय व्यवस्था बमोजिम पुनःसंरचना गर्न, तथ्याङ्कसँग सम्बन्धित अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न र तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र बितरणलाई विश्वसनीय र व्यवस्थित गर्न प्रचलित कानूनमा परिमार्जन हुन आवश्यक देखिएको छ । यस सन्दर्भमा तथ्याङ्क ऐन, २०१५ लाई नेपालको संविधान अनुकूल एवं समय सापेक्ष बनाई तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले "तथ्याङ्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" संघीय संसद समक्ष पेश गर्नु परेको हो।

केपी शर्मा ओली
प्रधानमन्त्री

# आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलन तथा प्रकाशन, राष्ट्रिय तथ्याङ्क परिषद् तथा राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गरिएको छ । त्यस्तै तथ्याङ्क संकलनको लागि हुने गणना सहितको कार्यको लागि संङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी कार्यमा लगाउन सकिने सहितको व्यवस्था गरिएको छ । उक्त व्यवस्थाले नेपाल सरकारलाई आर्थिक व्ययभार पर्न जाने भए पनि यति नै व्ययभार पर्न जाने भनी यकीन गर्न सकिने अवस्था छैन ।

<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>

तथ्याङ्क सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा  रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छ :-

| क्र.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ३ को उपदफा (३) | राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने र उक्त प्रणालीको सञ्चालन सम्वन्धमा आवश्यक व्यवस्था गर्नु पर्ने भएकोले। | नियमावली नेपाल सरकारले बनाउने । | ऐन कार्यान्वयन गर्न थप सरल र सहज बनाउने । |
| २ | ४ को उपदफा (६) | नेपाल सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्ने र तथ्याङ्क सङ्कलन गर्ने सम्वन्धी अन्य कार्य तोकिए बमोजिम हुने व्यवस्था गरिएको । | तथ्याङ्क सङ्कलनको कार्य व्यवस्थित हुन जाने । | क्षेत्रगत तथा बिषयगत रुपमा हुने तथ्याङ्क अझ व्यवस्थित हुने । |
| ३ | ७ को उपदफा (४) | तथ्याङ्क सङ्कलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्देश्य, कार्य क्षेत्र, तथ्याङ्क सम्बन्धी विधि र अनुमानित लागत सहित कार्यालय समक्ष निवेदन दिनु पर्ने व्यवस्था गरिएको । | तथ्याङ्क सङ्कलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले दिने निवेदनको ढाँचामा एकरुपता आउने । | निवेदन व्यवस्थित हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | ७ को उपदफा (५) | कुनै निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन गर्न कार्यालयले अनुमति दिनेछ । | कार्यालयले दिने अनुमतिलाई व्यवस्थित बनाउने। | अनुमति सम्वन्धी व्यवस्थामा एकरुपता आउने । |
| ५ | ८ | तथ्याङ्कको प्रकाशन गर्नु अघि कार्यालयबाट प्रमाणित गराउने व्यवस्था गरिएको। | तथ्याङ्कमा एकरुपता आउने । | ऐन कार्यान्वयनमा थप सहजता आउने । |
| ६ | १३ को उपदफा (२) र (३) | सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्क नेपाल सरकारले राखेको अभिलेखसंग आबद्ध गराउनु पर्ने भएकोले त्यस्तो आबद्धता सम्वन्धी बिषयलाई व्यवस्थित गर्न। | सार्वजनिक निकाय वा संस्थाले संकलन गरेको तथ्याङ्कको जानकारी कार्यालयलाई हुन जाने। | तथ्याङ्कको भण्डारणमा सहजता आउने । |
| ७ | १४ को उपदफा (३) | तथ्याङ्कको पहुँच व्यवस्थित गर्न । | तथ्याङ्कमा हुने पहुँच व्यवस्थित र अनुमानयोग्य हुन जाने । | ऐन कार्यान्वयनमा सहजता आउने । |
| ८ | २७ | व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँचलाई व्यवस्थित गर्न । | सूचना प्रणाली व्यवस्थित हुन जाने। | कार्यालयको पहुँच नियम बमोजिम व्यवस्थित हुन जाने । |
| ९ | ३० | कार्यालयले प्रकाशन गर्ने प्रतिवेदनलाई व्यवस्थित गर्न । | प्रतिवेदनमा रहने बिषयमा स्पष्टता आउने । | प्रतिवेदनका बिषयमा नियमावलीबाट व्यवस्थित हुन जाने । |

## तथ्याङ्क सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २. | परिभाषा | ऐनमा पटक पटक दोहोरिएका शब्दहरूलाई परिभाषित गर्न आवश्यक भएकोले । |
| ३. | राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने | सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रुपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गरिने, कार्यालयले राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र सो प्रणालीमा आबद्ध निकायबीच समन्वय कायम गर्ने समेतका व्यवस्था यस दफामा गरिएको छ । |
| ४. | तथ्याङ्क सङ्कलन गर्ने | नेपाल सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्ने, उक्त सूचित आदेश बमोजिम कार्यालयले तथ्याङ्क सङ्कलन गर्ने र तथ्याङ्क सङ्कलन गर्न प्रमुख तथ्याङ्क अधिकारीले आवश्यक सङ्ख्यामा अधिकृत तथा कर्मचारी खटाउने व्यवस्था यस दफामा गरिएको छ । |
| ५. | तथ्याङ्क परीक्षण गर्ने अधिकार | प्रमुख तथ्याङ्क अधिकारी वा निजले खटाएको अधिकृतले सङ्कलन भएको तथ्याङ्कको सत्यताको परीक्षण गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ६ | सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्न सक्ने | प्रचलित कानूनमा कुनै सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन सम्बन्धी कुनै कार्य गर्ने जिम्मेवारी तोकिएकोमा सो प्रयोजनको लागि त्यस्तो निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको कार्य गर्ने र त्यस्तो निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्गको रुपमा रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ७ | अनुमति सम्बन्धी व्यवस्था | कुनै निकाय वा सार्वजनिक संस्थाले कुनै विषयमा तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न चाहेमा कार्यालयबाट अनुमति लिनु पर्ने, आफ्नो प्रयोजनको लागि कुनै संस्थाले वा प्राज्ञिक वा निजी अध्ययन अनुसन्धानको लागि कुनै व्यक्तिले तथ्याङ्क सङ्कलन गर्न अनुमति लिनु नपर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ८. | तथ्याङ्क प्रमाणित गराउनु पर्ने | अनुमति प्राप्त गरी सङ्कलन गरिएको तथ्याङ्कको प्रकाशन वा प्रयोग गर्नु अघि कार्यालयबाट तोकिए बमोजिम प्रमाणित गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ९. | गोपनीयता सम्बन्धी व्यवस्था | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही जुनसुकै स्रोत वा माध्यमबाट प्राप्त भएका तथ्याङ्कको गोपनीयता कायम गर्नु पर्ने व्यबस्था यस दफामा गरिएको छ । |
| १०. | तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन | कार्यालय, सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्क प्रकाशन गर्नु पर्ने भएमा त्यस्तो तथ्याङ्क संकलन गर्ने निकायले प्रकाशन गर्न सक्ने सम्बन्धी व्यवस्था |

| | | |
|---|---|---|
| | गर्ने | यस दफामा गरिएको छ । |
| ११. | तथ्याङ्क प्रयोगकर्ताको दायित्व | तथ्याङ्क प्रयोगकर्ताले प्राप्त तथ्याङ्क प्रयोग गर्दा सामाजिक सद्भाव एवं शान्ति सुव्यवस्थामा कुनै खलल नपर्ने गरी गर्नु पर्ने व्यबस्था यस दफामा गरिएको छ । |
| १२. | प्रदेश सरकार वा स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्न सक्ने | प्रदेश सरकार वा स्थानीय तहले आफूलाई आवश्यक पर्ने विवरण वा तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्न सक्ने ।नेपाल सरकारले तथ्याङ्क सङ्कलन गरेको वा राष्ट्रिय रूपमा तथ्याङ्क सङ्कलन हुने विषयमा प्रदेश वा स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्ने छैनन् । प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क वा सो सम्बन्धी बिवरण नेपाल सरकारका सम्बन्धित मन्त्रालय र कार्यालयलाई उपलब्ध गराउनु पर्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १३. | विद्युतीय अभिलेखको प्रयोग | कार्यालय वा सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कलाई विद्युतीय अभिलेखमा राख्ने व्यवस्था मिलाउनु पर्ने र त्यस्तो अभिलेखलाई नेपाल सरकारले प्रचलित कानून बमोजिम राखेको अभिलेखसँग तोकिए बमोजिम आबद्ध गराउनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| १४. | तथ्याङ्कमा पहूँच | कार्यालय वा सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको प्रशोधित, अर्धप्रशोधित तथा कोरा अवस्थामा रहेका व्यक्तिगत तथा एकाइगत तथ्याङ्कमा यस ऐनको प्रतिकूल नहुने गरी विद्युतीय वा अन्य माध्यमबाट पूरै वा आंशिक रूपमा पहूँच उपलब्ध गराउन सक्ने  सम्वन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १५. | परिषद्को गठन | राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकारले राष्ट्रिय योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा  राष्ट्रिय तथ्याङ्क परिषद् गठन गर्ने सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १६. | परिषद्को बैठक र निर्णय | परिषद्को बैठक र निर्णय सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १७. | परिषद्को काम, कर्तव्य र अधिकार | परिषद्को काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| १८. | कार्यालयको स्थापना | तथ्याङ्क सम्बन्धी काम गर्न केन्द्रीय निकायका रुपमा एक राष्ट्रिय तथ्याङ्क कार्यालय र कार्यालयको मातहतमा नेपाल सरकारले तोकेको संख्या र स्थानमा अन्य तथ्याङ्क कार्यालय रहने व्यवस्था यस दफामा गरिएको छ । |

| | | |
|---|---|---|
| १९. | कार्यालयको काम, कर्तव्य र अधिकार | कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| २०. | प्रमुख तथ्याङ्क अधिकारी | कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था यस दफामा गरिएको छ । |
| २१. | कसूर र सजाय | यस दफाको उपदफा (१) मा कसूर सम्वन्धी व्यवस्था र उपदफा (२) मा सजायको व्यवस्था गरिएको छ । |
| २२. | मुद्दा हेर्ने अधिकारी तथा कार्यविधि | दफा २१ बमोजिमको कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुने र यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २३. | नेपाल सरकार वादी हुने | यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था यस दफामा गरिएको छ । |
| २४. | पुनरावेदन | प्रमुख जिल्ला अधिकारीबाट भएको निर्णय वा आदेशमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले तीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २५. | काममा लगाउन सकिने | कार्यालयले नेपाल सरकारको स्वीकृति लिई संघ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई कुनै गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्यमा खटाउन सक्ने, कार्यालयले कुनै गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्य तथा लगत प्रशोधनका लागि व्यक्ति वा संस्थासँग करार गरी सेवा लिन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २६. | समय तथा लागत प्रभावी किसिमबाट गर्नु पर्ने | सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्दा वा गराउँदा समय तथा लागत प्रभावी किसिमबाट गर्नु पर्ने, एकीकृत सूचना प्रणाली र विद्युतीय उपकरणको प्रयोग गरी उपलब्ध भएसम्म प्रशासनिक अभिलेख, नवीनतम स्रोत तथा अन्य प्रकाशित स्रोतबाट प्राप्त तथ्याङ्कको उपयोगलाई प्राथमिकता दिनु पर्ने सम्वन्धी व्यवस्था यस दफामा गरिएको छ । |
| २७. | व्यवस्थापन सूचना प्रणालीमा पहुँच | सेवा प्रवाह गर्ने निकाय वा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध अन्य निकायमा रहेका व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको तोकिए बमोजिम पहुँच रहने व्यवस्था यस दफामा गरिएको छ । |

| | | |
|---|---|---|
| २८. | दर्ता हुनु पर्ने | अनुसन्धान, परामर्श वा अन्य यस्तै प्रकृतिका तथ्याङ्क सम्बन्धी प्रयोजनका लागि गठित संस्था प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २९. | अधिकार प्रत्यायोजन | प्रमुख तथ्याङ्क अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३०. | प्रतिवेदन प्रकाशन | कार्यालयले तथ्याङ्क सम्बन्धी कार्यको वार्षिक कार्य विवरण सहितको प्रतिवेदन तोकिए बमोजिम प्रकाशन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३१. | प्रचलित कानून बमोजिम हुने | यस ऐनमा उल्लिखित कुराको हकमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ३२. | नियम बनाउने अधिकार | यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३३. | निर्देशिका वा कार्यविधि बनाउन सक्ने | यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही नेपाल सरकारले निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ३४. | खारेजी र बचाउ | तथ्याङ्क ऐन, २०१५ खारेज गरिएको र तथ्याङ्क ऐन, २०१५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था यस दफामा गरिएको छ । |

## तथ्याङ्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना : तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई सङ्घ, प्रदेश र स्थानीय तहको नीति निर्माण कार्यलाई थप प्रभावकारी बनाउन तथ्याङ्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "तथ्याङ्क ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ ।

(ख) "कम्प्युटर डाटाबेस" भन्नाले कम्प्युटर वा कम्प्युटर नेटवर्क प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि, ध्वनि वा श्रव्यदृश्यमा औपचारिक तवरले तयार गरिएको सङ्ख्यात्मक विवरण, तथ्याङ्क, सूचना, नक्सा वा अवधारणा सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले दफा १८ बमोजिमको राष्ट्रिय तथ्याङ्क कार्यालय सम्झनु पर्छ ।

(घ) "गणना" भन्नाले कुनै पनि विषयको तथ्यपूर्ण जानकारी प्राप्त गर्न सम्बन्धित इकाइको पूर्ण रुपमा तथ्याङ्क संकलन गर्ने विधि वा प्रक्रिया सम्झनु पर्छ ।

(ङ) "तथ्याङ्क" भन्नाले आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लगत वा सूचना सम्झनु पर्छ र सो शब्दले त्यस्ता विवरण, लगत वा सूचनाको व्यवस्थित सङ्कलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार गरिएको सङ्ख्यात्मक प्रस्तुतिलाई समेत जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "परिषद्" भन्नाले दफा १५ बमोजिमको राष्ट्रिय तथ्याङ्क परिषद् सम्झनु पर्छ ।

(ज) "प्रमुख तथ्याङ्क अधिकारी" भन्नाले दफा २० बमोजिमको प्रमुख तथ्याङ्क अधिकारी सम्झनु पर्छ ।

(झ) "राष्ट्रिय तथ्याङ्क प्रणाली" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय तथ्याङ्क प्रणाली सम्झनु पर्छ ।

(ञ) "विद्युतीय अभिलेख" भन्नाले विद्युतीय स्वरूपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि, ध्वनि वा श्रव्यदृश्य सम्झनु पर्छ ।

(ट) "सरकारी निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय सम्झनु पर्छ ।

(ठ) "सर्वेक्षण" भन्नाले कुनै विषयको गतिविधि, प्रयोग र प्रवृत्ति सम्बन्धी तथ्यपूर्ण जानकारीको लागि नमूना छनोट गरी तथ्याङ्क सङ्कलन गरिने विधि वा प्रक्रिया सम्झनु पर्छ ।

(ड) "सार्वजनिक संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छः-

(१) प्रचलित सङ्घीय कानून बमोजिम गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क, समिति वा यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(३) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र वा अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(४) नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(५) उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था,

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था ।

(ढ) "सूचित आदेश" भन्नाले कुनै खास तथ्याङ्क सम्बन्धी कार्यका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी गरेको आदेश सम्झनु पर्छ।

## परिच्छेद-२

## राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलन तथा प्रकाशन

३. राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रुपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गरिनेछ ।

(२) कार्यालयले राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र सो प्रणालीमा आबद्ध निकायबीच समन्वय कायम गर्नेछ ।

(३) राष्ट्रिय तथ्याङ्क प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>तथ्याङ्क सङ्कलन गर्ने</u> : (१) नेपाल सरकारले कुनै विषयमा तथ्याङ्क सङ्कलन गर्न सूचित आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचित आदेश बमोजिम कार्यालयले कुनै व्यक्ति, घरपरिवार, सरकारी निकाय, सार्वजनिक वा निजी संस्था र सोसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नेछ ।

(३) कार्यालयले कुनै व्यक्ति, घरपरिवार, सरकारी निकाय, सार्वजनिक वा निजी संस्थालाई तिनीहरूको भोगचलन वा नियन्त्रणमा रहेको वस्तुको तथ्याङ्क पेश गर्न लिखित सूचना दिन सक्नेछ ।

(४) उपदफा (१), (२) वा (३) बमोजिमको आदेश वा सूचना बमोजिमको तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(५) यस दफा बमोजिम सूचित आदेश जारी भए पछि त्यस्तो तथ्याङ्क सङ्कलन गर्न प्रमुख तथ्याङ्क अधिकारीले आवश्यक सङ्ख्यामा अधिकृत तथा कर्मचारी खटाउनेछ ।

(६) तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. <u>तथ्याङ्क परीक्षण गर्ने अधिकार</u> : (१) प्रमुख तथ्याङ्क अधिकारी वा निजले खटाएको अधिकृतले दफा ४ बमोजिम सङ्कलन भएको तथ्याङ्कको सत्यताको परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा प्रमुख तथ्याङ्क अधिकारी वा सम्बन्धित अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा सूचित आदेश बमोजिम सङ्कलन गर्नु पर्ने तथ्याङ्क कुनै व्यक्तिलाई थाहा छ भन्ने विश्वास गर्नु पर्ने मनासिब आधार भएमा निजसँग प्रश्न सोध्ने,

(ख) सङ्कलन भएको तथ्याङ्क अपूर्ण भएमा वा सोको विश्वसनियताको लागि थप तथ्याङ्क आवश्यक पर्ने भएमा तथ्याङ्क पुनः उपलब्ध गराउन सूचना दिने,

(ग) तथ्याङ्क उपलब्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, संस्था, घरपरिवारको भोगचलन वा नियन्त्रणमा रहेको भवन, जग्गा वा कम्पाउण्डमा पूर्व सूचना दिई प्रवेश गर्ने ।

६. <u>सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्न सक्ने</u> : (१) प्रचलित कानूनमा कुनै सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन सम्बन्धी कुनै कार्य गर्ने जिम्मेवारी तोकिएकोमा सो प्रयोजनको लागि त्यस्तो निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका निकाय वा संस्थाले सङ्कलन गरेको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्गको रुपमा रहनेछ ।

७. <u>अनुमति सम्बन्धी व्यवस्था</u> : (१) कुनै निकाय वा सार्वजनिक संस्थाले कुनै विषयमा तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न चाहेमा कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (१) बमोजिमको सरकारी निकाय वा सार्वजनिक संस्थाले वा आफ्नो प्रयोजनको लागि कुनै संस्थाले वा प्राज्ञिक वा निजी

अध्ययन अनुसन्धानको लागि कुनै व्यक्तिले तथ्याङ्क सङ्कलन गर्न यस दफा बमोजिम अनुमति लिनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम सङ्कलन गरिएको तथ्याङ्कको आधारमा नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी सोको विवरण प्रकाशन गर्न पाइने छैन ।

(४) उपदफा (१) बमोजिम तथ्याङ्क सङ्कलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्देश्य, कार्य क्षेत्र, तथ्याङ्क सम्बन्धी विधि र अनुमानित लागत सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त हुन आएको निवेदन सहितका कागजात जाँचबुझ गर्दा त्यस्तो तथ्याङ्क सङ्कलन गर्न मनासिब देखिएमा त्यस्तो निकाय वा सार्वजनिक संस्थालाई कार्यालयले तोकिए बमोजिम अनुमति दिनेछ ।

(६) उपदफा (५) बमोजिम अनुमति दिँदा कार्यालयले तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने विधि, प्रणाली वा अन्य आवश्यक शर्तहरू तोक्न सक्नेछ ।

(७) यस दफा बमोजिम तथ्याङ्क सङ्कलन गर्न अनुमति प्राप्त निकाय वा सार्वजनिक संस्थाले जुन प्रयोजनको लागि तथ्याङ्क सङ्कलन गरेको हो सोही प्रयोजनको लागि मात्र उपयोग गर्नु पर्नेछ र सो बाहेक अन्य प्रयोजनको लागि त्यस्तो तथ्याङ्क प्रयोग वा प्रकाशन गर्न हुँदैन ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र विषयमा तथ्याङ्क सङ्कलन तथा प्रकाशन गर्न कार्यालयले अनुमति दिने छैन :-

(क) मुलुकको राष्ट्रिय हित, सामाजिक वा सांस्कृतिक सदभाव वा कुटनीतिक सम्बन्धमा प्रतिकूल असर पर्ने,

(ख) मुलुकको शासन प्रणाली, आन्तरिक व्यवस्था वा शान्ति सुरक्षामा प्रतिकूल असर पर्ने,

(ग) पहिले नै सङ्कलन वा प्रकाशन भइसकेको कारणले तत्काल त्यस्तो विषयमा तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न सान्दर्भिक नभएको,

(घ) कार्यालयले आफैं तथ्याङ्क सङ्कलन गर्ने वा गराउने कार्यक्रममा रहेको वा दफा ६ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सङ्कलन गर्ने जिम्मेवारी तोकिएको,

(ङ) प्रचलित कानूनले निषेध गरेको ।

८. तथ्याङ्क प्रमाणित गराउनु पर्ने : दफा ७ बमोजिम अनुमति प्राप्त गरी सङ्कलन गरिएको तथ्याङ्कको प्रकाशन वा प्रयोग गर्नु अघि कार्यालयबाट तोकिए बमोजिम प्रमाणित गराउनु पर्नेछ ।

९. गोपनीयता सम्बन्धी व्यवस्था : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही जुनसुकै स्रोत वा माध्यमबाट प्राप्त भएका तथ्याङ्कको गोपनीयता कायम गर्ने प्रयोजनको लागि त्यस्तो तथ्याङ्क प्रयोग गर्दा वा गराउँदा कार्यालयले देहाय बमोजिम गर्नु वा गराउनु पर्नेछ :-

(क) त्यस्तो तथ्याङ्क तथा सोको कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख वा कुनै अंश सामूहिक तथ्याङ्क सम्बन्धी प्रयोजनको लागि मात्र प्रयोग गर्ने,

(ख) त्यस्तो तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकारप्राप्त प्रतिनिधिको लिखित स्वीकृति बेगर प्रमुख तथ्याङ्क अधिकारी बाहेक अरू कसैलाई देखाउने, प्रकाशन गर्ने वा अन्य कुनै निकायमा प्रमाणको रूपमा पेश गर्ने कार्य नगर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चल्ने मुद्दाको अनुसन्धान वा सुनुवाईको क्रममा अनुसन्धान अधिकारी वा अदालतले माग गरेमा त्यस्तो तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

(३) दफा ४ वा ६ बमोजिम कार्यालय, सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन, प्रकाशन वा प्रशोधित, अर्द्धप्रशोधित तथा कोरा तथ्याङ्कको वितरण गर्दा उपदफा (१) बमोजिम गोपनीयता कायम गर्नु पर्नेछ ।

१०. तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन गर्ने : दफा ४ वा ६ बमोजिम कार्यालय, सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्क प्रकाशन गर्नु पर्ने भएमा त्यस्तो तथ्याङ्क संकलन गर्ने सम्बन्धित निकायले प्रकाशन गर्न सक्नेछ ।

११. तथ्याङ्क प्रयोगकर्ताको दायित्व : तथ्याङ्क प्रयोगकर्ताले प्राप्त तथ्याङ्क प्रयोग गर्दा सामाजिक सद्भाव एवं शान्ति सुव्यवस्थामा कुनै खलल नपर्ने गरी गर्नु पर्नेछ ।

१२. प्रदेश सरकार वा स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्न सक्ने : (१) प्रदेश सरकार वा स्थानीय तहले आफूलाई आवश्यक पर्ने विवरण वा तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वा तयार गरिएको कुनै व्यक्तिगत, पारिवारिक, फर्म वा कम्पनी सम्बन्धी तथ्याङ्क त्यस्तो तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकार प्राप्त व्यक्तिको लिखित स्वीकृति बिना अधिकार प्राप्त अधिकृत बाहेक अरु कसैलाई प्रत्यक्ष रुपमा देखाउन वा प्रकाशन गर्न हुँदैन।

(३) नेपाल सरकारले तथ्याङ्क सङ्कलन गरेको वा राष्ट्रिय रूपमा तथ्याङ्क सङ्कलन हुने विषयमा प्रदेश वा स्थानीय तहले तथ्याङ्क सङ्कलन गर्ने छैनन्।

(४) उपदफा (१) बमोजिम प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क वा सो सम्बन्धी बिवरण नेपाल सरकारका सम्बन्धित मन्त्रालय र कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्दा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्दा सङ्घ, प्रदेश र स्थानीय तहले आपसी समन्वय र सहकार्यमा अन्तरआबद्ध हुने गरी गर्नु पर्नेछ ।

(७) प्रदेश वा स्थानीय तहले सङ्कलन गरेको कुनै विषयको तथ्याङ्क प्रयोग गर्न उपयुक्त वा आवश्यक देखेमा कार्यालयले त्यस्तो तथ्याङ्क प्रयोग गर्न सक्नेछ।

(८) प्रदेश वा स्थानीय तहले तथ्याङ्क संकलन गर्दा यस ऐन बमोजिम कार्यालयलाई भएको अधिकार र कर्तव्यको प्रयोग र पालना गर्नेछ ।

(९) प्रदेश वा स्थानीय तहले तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधिनमा रही प्रदेश वा स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।

## परिच्छेद-३

## विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहूँच

१३. विद्युतीय अभिलेखको प्रयोग : (१) कार्यालय वा दफा ६ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कलाई विद्युतीय अभिलेखमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेखलाई नेपाल सरकारले प्रचलित कानून बमोजिम राखेको अभिलेखसँग तोकिए बमोजिम आबद्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आबद्ध गराईएको अभिलेखको प्रयोग र आधिकारिकता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. तथ्याङ्कमा पहूँच : (१) कार्यालय वा दफा ६ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थाले सङ्कलन गरेको प्रशोधित, अर्द्धप्रशोधित तथा कोरा अवस्थामा रहेका व्यक्तिगत तथा एकाइगत तथ्याङ्कमा यस ऐनको प्रतिकूल नहुने गरी विद्युतीय वा अन्य माध्यमबाट पूरै वा आंशिक रूपमा पहूँच उपलब्ध गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम पहूँच उपलब्ध गराएको तथ्याङ्कको प्रतिलिपि अधिकार कार्यालयमा निहित रहनेछ ।

(३) तथ्याङ्कमा पहूँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४

<u>राष्ट्रिय तथ्याङ्क परिषद्</u>

१५. <u>परिषदको गठन</u> : (१) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकारले देहाय बमोजिमको राष्ट्रिय तथ्याङ्क परिषद् गठन गर्नेछ :-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग -अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (तथ्याङ्क विषय हेर्ने) -सदस्य

(ग) गभर्नर, नेपाल राष्ट्र बैङ्क -सदस्य

(घ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, नेपाल सरकारको अर्थ मन्त्रालय -सदस्य

(च) सचिव, नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(छ) सचिव, नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(ज) सचिव, नेपाल सरकारको गृह मन्त्रालय -सदस्य

(झ) सचिव, नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य

(ञ) सचिव, नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(ट) सचिव, नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ठ) सचिव, नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(ड) सचिव, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ढ) सचिव, नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(ण) सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग -सदस्य

(त) सदस्य-सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(थ) सचिव, प्रत्येक प्रदेश सरकारको योजना सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(द) प्रमुख, तथ्याङ्क केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय -सदस्य

(ध) तथ्याङ्क क्षेत्रका प्रतिष्ठित व्यक्तिमध्येबाट नेपाल सरकारले तोकेको कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(न) प्रमुख तथ्याङ्क अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ध) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

तर निजको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सदस्यबाट हटाउनु अघि निजलाई सफाईको मौका दिनु पर्नेछ ।

१६. <u>परिषद्को बैठक र निर्णय</u> : (१) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(४) परिषद्को बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) कार्यालयले परिषद्को सचिवालयको रूपमा कार्य गर्नेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) तथ्याङ्क सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तथा नीति तर्जुमा गर्ने,

(ख) सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा समन्वय गर्ने,

(ग) तथ्याङ्क उत्पादनकर्ता बीच समन्वय गर्ने,

(घ) यस ऐन बमोजिम तथ्याङ्क सम्बन्धी कार्य गर्ने निकायलाई आवश्यक निर्देशन दिने।

(२) परिषद्‌ले आवश्यकता अनुसार विषय वा क्षेत्रगत रुपमा अन्तरनिकाय तथ्याङ्क कार्य समूहहरूको गठन गरी काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

## परिच्छेद-५

## राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारी

१८. कार्यालयको स्थापना : (१) तथ्याङ्क सम्बन्धी काम गर्न केन्द्रीय निकायका रुपमा एक राष्ट्रिय तथ्याङ्क कार्यालय रहनेछ।

(२) कार्यालयको मातहतमा रहने गरी नेपाल सरकारले तोकेको संख्या र स्थानमा अन्य तथ्याङ्क कार्यालय रहनेछन् ।

१९. कार्यालयको काम, कर्तव्य र अधिकार : कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) तथ्याङ्क नीति तथा रणनीतिको मस्यौदा तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्द्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यालयले सङ्कलन गर्नु पर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्क सम्बन्धी कार्य सञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्क सम्बन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्क सम्बन्धी प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी काम गर्ने निकायको तथ्याङ्क सम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने,

(ड) तथ्याङ्क सम्बन्धी अध्ययन, अध्यापन, अनुसन्धान सम्बन्धी काम गर्ने,

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्क सम्बन्धी विवरण वा अन्य सूचना उपलब्ध गराउने ।

२०. प्रमुख तथ्याङ्क अधिकारी : कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक प्रमुख तथ्याङ्क अधिकारी रहनेछ ।

## परिच्छेद-६

## कसूर र सजाय

२१. कसूर र सजाय : (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन गर्ने कार्यमा अवरोध खडा गरेमा,

(ख) दफा ४ को उपदफा (४) बमोजिम कुनै व्यक्तिगत तथा एकाइगत तथ्याङ्क सम्बन्धी जानकारी दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले जानीजानी त्यस्तो जानकारी नदिएमा वा दिन इन्कार गरेमा वा जानीजानी कुनै तथ्याङ्क सम्बन्धी झुट्टा जानकारी दिएमा,

(ग) दफा ७ को उपदफा (१) बमोजिम कार्यालयको अनुमति बिना कुनै निकाय वा संस्थाले कुनै विषयमा तथ्याङ्क सङ्कलन गरे वा गराएमा,

(घ) दफा ८ बमोजिम कार्यालयबाट प्रमाणित नगराई तथ्याङ्कको प्रयोग वा प्रकाशन गरेमा,

(ङ) आफ्नो जिम्मामा रहेको तथ्याङ्क, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख लापरबाही गरी वा जानीजानी नष्ट गरे वा गराएमा वा अन्य किसिमबाट हानि नोक्सानी पुऱ्याएमा वा हानि नोक्सानी पुऱ्याउने प्रयत्न गरेमा,

(च) उपलब्ध भएको तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख दफा ९ विपरीत प्रयोग गरे वा गराएमा,

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही कसैलाई कुनै आदेश वा सूचना जारी भएकोमा कसैले त्यस्तो सूचना वा आदेश पालना नगर्नु भनी वा अधिकार प्राप्त अधिकारीबाट माग गरिएको कुनै तथ्याङ्क वा सूचना नदिनु वा उपलब्ध नगराउनु भनी प्रचार प्रसार गरे वा गराएमा,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै कार्य गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा प्रत्येक कसूरका लागि बीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय,

(ग) खण्ड (ग), (घ), (ङ) वा (च) बमोजिमको कसूर गरेमा चालीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय,

(घ) खण्ड (छ) बमोजिमको कसूर गरेमा दश हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय,

(ङ) खण्ड (ज) बमोजिमको कसूर गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय ।

(३) कुनै संस्थाले यस ऐन अन्तर्गतको कसूर गरेकोमा त्यस्तो कसूर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसूर गरेको बखत त्यस्तो संस्थाको प्रमुख भई काम गर्ने व्यक्तिलाई सजाय हुनेछ ।

(४) यस ऐन बमोजिम सजाय हुने कसूरको उद्योग गर्ने, दुरुत्साहन गर्ने वा त्यस्तो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वमोजिमको कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा सो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न बाधा पुगेको मानिने छैन ।

२२. मुद्दा हेर्ने अधिकारी तथा कार्यविधि : (१) दफा २१ बमोजिमको कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

२३. नेपाल सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

२४. पुनरावेदन : दफा २२ बमोजिम प्रमुख जिल्ला अधिकारीबाट भएको निर्णय वा आदेशमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले तीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-७

## विविध

२५. कामंमा लगाउन सकिने : (१) कार्यालयले नेपाल सरकारको स्वीकृति लिई संघ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई कुनै  गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्यमा खटाउन सक्नेछ ।

(२) कार्यालयले कुनै गणना, सर्वेक्षण वा तथ्याङ्क सम्बन्धी अन्य कार्य तथा लगत प्रशोधनका लागि व्यक्ति वा संस्थासँग करार गरी सेवा लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम खटाइएको कर्मचारीलाई दिइने सुविधा तथा उपदफा (२) बमोजिम सेवा करारमा लिने प्रकृया, सेवा करारमा लिइएका व्यक्तिको सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

२६. समय तथा लागत प्रभावी किसिमबाट गर्नु पर्ने : (१) कार्यालय वा दफा ६ बमोजिमका सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण गर्दा वा गराउँदा समय तथा लागत प्रभावी किसिमबाट गर्नु पर्नेछ ।

(२) एकीकृत सूचना प्रणाली र विद्युतीय उपकरणको प्रयोग गरी उपलब्ध भएसम्म प्रशासनिक अभिलेख, नवीनतम स्रोत तथा अन्य प्रकाशित स्रोतबाट प्राप्त तथ्याङ्कको उपयोगलाई प्राथमिकता दिनु पर्नेछ ।

२७. व्यवस्थापन सूचना प्रणालीमा पहुँच : सेवा प्रवाह गर्ने निकाय वा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध अन्य निकायमा रहेका व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको तोकिए बमोजिम पहुँच रहनेछ ।

२८. दर्ता हुनु पर्ने : अनुसन्धान, परामर्श वा अन्य यस्तै प्रकृतिका तथ्याङ्क सम्बन्धी प्रयोजनका लागि गठित संस्था प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

२९. अधिकार प्रत्यायोजन : प्रमुख तथ्याङ्क अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३०. प्रतिवेदन प्रकाशनः कार्यालयले तथ्याङ्क सम्बन्धी कार्यको वार्षिक कार्य विवरण सहितको प्रतिवेदन तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

३१. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा उल्लिखित कुराको हकमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून वमोजिम हुनेछ ।

३२. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३३. निर्देशिका वा कार्यविधि बनाउन सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही नेपाल सरकारले देहायका विषयमा निर्देशिका बनाई लागू गर्न सक्नेछः-

(क) राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालन सम्बन्धी,

(ख) गणना तथा सर्वेक्षण कार्यविधि सम्बन्धी,

(ग) तथ्याङ्क प्राप्ति र तथ्याङ्कीय विधि उपयोग सम्बन्धी,

(घ) राष्ट्रिय तथ्याङ्क प्रणाली कार्यान्वयन सम्बन्धी,

(ङ) सर्वेक्षण अनुमति सम्बन्धी ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण सम्बन्धी काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट प्रभावकारी, व्यवस्थित र मितव्ययी तवरले सञ्चालन गर्न कार्यालयले देहायका विषयमा कार्यविधि बनाई लागू गर्न सक्नेछः-

(क) प्रशासनिक अभिलेख व्यवस्थापन सम्बन्धी,

(ख) तथ्याङ्क सार्वजनिक, सम्प्रेषण तथा वितरण गर्ने सम्बन्धी,

(ग) तथ्याङ्क सङ्कलन, नमूना छनोट, विश्लेषण तथा सम्परीक्षण सम्बन्धी ।

३४. खारेजी र बचाउ : (१) तथ्याङ्क ऐन, २०१५ खारेज गरिएको छ ।

(२) तथ्याङ्क ऐन, २०१५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।